CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #८८

१३।९।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## सरकारद्वरा कोभिड - १९ विरुद्धको खोप आईसकेपछि खोप लगाउनको लागि निर्धारण गरिएको प्राथमिकिकरण

**जम्मा खोप लगाउने जनसंख्या (कुल संख्याको ७२%) २ करोड १६ लाख**

### पहिलो चरण

अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी र कोभिड संक्रमणको रोकथाम र उपचार तथा व्यवस्थापनमा खटिने व्यक्तिहरू

*करिब ९ लाख ११ हजार जनसंख्या*

### दोस्रो चरण

ज्येष्ठ नागरिकहरू (५५ वर्ष भन्दा माथी) र दिर्घ रोगी

*करिब ५१ लाख जनसंख्या*

### तेस्रो चरण

४० वर्ष देखी ५४ वर्ष उमेर समुहका व्यक्तिहरु

*करिब २९ लाख जनसंख्या*

### अन्तिम चरण

१५ वर्ष देखी ३५ वर्ष समुहका व्यक्तिहरु

*करिब १ करोड २७ लाख जनसंख्या (४२%)*

स्रोत: https://cutt.ly/uh4Mlqk

## नेपाल अपडेट



बराहताल गाउँपालिका-२ स्थित गिरीघाटमा रहेको बाढिपीडित शिविरको अस्थायी विद्यालयमा विद्यार्थीहरू

तस्विर: सिता वली

### परिक्षण


पिसिआर परिक्षण: १९,१५,२३२

पोजेटिभ: २,५८,८४०

उपचाररत: ६,४२७

मृत्यु : १,८३२

सन्चो भएका : २,५०,५८१




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



अब निजी अस्पतालमा कोरोनाको परीक्षण तथा उपचार गराउने जस्तासुकै बिरामीको सोधभर्ना सरकारले दिँदैन रे ।

यस अधि सरकारले मान्यता दिएका कोभिड अस्पताल मध्ये मेडिकल कलेज बाहेक सबै निजी अस्पताललाई अर्को व्यवस्था जारी नभएसम्मका लागि सूचिबाट हटाईएको छ । सो अस्पतालमा पौष १२ सम्म भर्ना भई १० दिनसम्म उपचार गराउने संक्रमितहरूको उपचार बापतको रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोधभर्ना गर्नेछ । सरकारी प्रयोगशालाहरूमा परीक्षण गर्न बाँकी नमुना मन्त्रालयले सोधभर्ना दिने गरी निजी प्रयोगशालाहरूमा परीक्षण गर्ने गराउने गरेकोमा २०७७ पौष १२ गतेबाट अर्को व्यवस्था नभएसम्मका लागि यस किसिमले निजी प्रयोगशालामा परीक्षण गर्ने कार्य रोक्न पनि सरकारले निर्देशन दिएको छ ।


स्रोत: https://cutt.ly/uh4MIqk



सरकारले श्रमिकहरूको बीमा गर्दैछ रे । कस्ता श्रमिकको लागि, कति समयको लागि र कति रकमको बीमा गर्ने हो ?

प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगारीमा खटिने श्रमिकका लागि सरकारले सामुहिक बीमा गर्दैछ । मृतक दुर्घटना बीमा, दुर्घटनाजन्य कारणबाट उत्पन्न अपांगता तथा अशक्तता बीमा र औषधी उपचार बीमा समेतलाई समावेश गरेको बीमा सात लाख सम्मको हुनेछ । २०७७ पौष १ गते देखी २०७८ असार मसान्त सात महिना अवधी रहने बीमा, रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचिकृत भएका मध्ये रोजगारीमा खटिने २ लाख श्रमिकको लागि गरिनेछ ।

स्रोत: https://www.mofaga.gov.np/news-notice/2257



नेपालमा पनि अब चाँडै कोरोनाको खोप आउँछ भन्ने हल्ला छ ।

`पालसँग सहकार्य गर्दै विभिन्न खोपका कार्यक्रमहरूमा सहयोगी ग्लोबल अलायन्स फर भ्याक्सिन एण्ड इम्युनाइजेसन (गाभी)ले छिट्टै कोरोनाको खोप नेपालमा आउन सक्ने भएकाले तयारी अवस्थामा बस्न नेपाल सरकारलाई जानकारी गराएको छ । विश्वमा खोप बन्ने चरणहरु सुरुभएसँगै गाभीले नेपाललाई तयारी अवस्थामा रहन सन्देश पठाएको हो । अहिलेको भएको तयारीलाई हेर्दा आगामी मार्चसम्ममा कोभ्याक्सले खोप उपलब्ध गराउन सक्ने समाचार आइरहेको समयमा गाभीले नेपाललाई तयारी अवस्थामा रहन अनुरोध गरेसँगै नेपाल सरकारले यसलाई गम्भिरतापूर्वक लिएर अधि बढेको छ ।

स्रोत: डा.समिरकुमार अधिकारी, सह-प्रवक्ता, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय



नेपाल भन्दा विदेशमा रहेका नेपालीहरू कोरोना संक्रमणबाट बढी प्रभावित छन् भन्छन् नि ?

विदेशमा कोरोना भाइरसबाट संक्रमण हुने नेपालीको संख्या उल्लेख्य छ । गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्गतको स्वास्थ्य समितिको तथ्यांक अनुसार २०७७ पौष ११ गते शनिबार साँझसम्म विदेशमा ५२ हजार ८ सय ७२ जना नेपालीमा कोरोना संक्रमण देखिएको छ । ती मध्ये ४९ हजार ८ सय ९२ जना कोरोना मुक्त भएका छन् । कोरोना भाइरसका कारण नेपालमा १ हजार ८ सय १९ जनाको निधन भएको छ भने नेपाल बाहिर २१ देशमा ३ सय १२ जना नेपालीको निधन भएको छ ।

स्रोत: https://cutt.ly/Ph4L9oF

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्






COVID-19 को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| देश | नेपाली | संक्रमित | नेपाली संक्रमित | मृत्यु भएका नेपाली |
|---|---|---|---|---|
| साउदी अरव | ३,३४,४५१ | ३,६२,२२० | ५,२५० | ८४ |
| कुवेत | ७१,१९३ | १,४९,६५३ | २,१५० | १२ |
| बहराईन | २६,००० | ९१,७३३ | ४५१ | ३ |
| कतार | ४,०६,९१७ | १,४३,०६२ | २७,४१२ | १८ |
| युएई | २,२४,९०५ | २,०१,८३६ | ४,५०० | ३९ |
| ओमान | १७,०५७ | १,२८,४७२ | ३०० | १ |
| मलेसिया | ५००,००० | १,०५,०९६ | ८१ | |
| दक्षिण कोरिया | ३८,८६२ | ५७,६८० | २७ | |




- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## यूएईबाट केही महत्वपूर्ण जानकारीहरु



१. अबुधाबी प्रवेश बोर्डरमा १८ वटा कोभिड - १९ टेष्टिङ सेन्टर राखिएकाछन् जसबाट अबका दिनमा ईमिरेट्सबाट आबुधाबी प्रवेश गर्न छिटो छरितो र सहज हुनेछ ।



२. नयाँ नियम अनुसार ३० जना भन्दा बढी जम्मा भएर पार्टी गरेमा, पर्टी गर्ने र सहभागी हुने दुबैलाई सजाय हुनेछ । यसरी पार्टीको आयोजना गर्नेलाई ५० हजार दिरहाम जरिवाना तोकिएको छ भने, यस्तो पार्टीमा सहभागी मात्र हुन गएको खण्डमा पनि १५ हजार दिरहाम जरीवाना तिर्नु पर्नेछ ।



३. अबुधाबीमा बस सेवा प्रयोग गर्दा सोसियल डिस्ट्यान्सिङको प्रयोग नगरेको पाईएमा ३ हजार दिरहाम जरिवाना तोकीएको छ । त्यसैले बसको प्रयोग गर्दा तोकिएको सिटको मात्र प्रयोग गर्नुहोला ।




४. नयाँ वर्ष २०२१ को अवसरमा रास अल खैमाले ट्राफिक फाईन परेकालाई छुटको लागि आफ्नो म्याद बढाएको  छ । सात दिनको लागि दिईएको यसको म्याद बढाएर २३ डिसेम्बर सम्म बनाईएको थियो भने, अहिले यसलाई जनवरी ३ तारीखसम्म बढाईएको छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**




## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## भगवतीमाई गाउँपालिकाको २०७७ असार मसान्त सम्मको कोभिड - १९ सम्बन्धी आमदानी र खर्चको विवरण

| रकम | आमदानी स्रोत |
|---|---|
| रु. ९,३२,२०० | प्रकोप व्यवस्थापन कोषमा गत वर्षको मौज्दात |
| रु. ५४,०८,००० | गाँउपालिकाबाट कोषमा जम्मा |
| रु. ५५,४२० | चालु खर्च शिर्षकाबाट व्यय |
| रु. ७,८४,७७५ | नेपाल सरकार |
| रु. १५,००,००० | कर्णाली प्रदेश सरकार |
| रु. ५१,४२० | साहस नेपाल |
| रु. २२,००० | शशर्त कार्यक्रम युनिसेफ |
| रु. ९१,१९० | सिविओएफ |
| रु. ५०,००० | प्रभु वैंक भगवतीमाई शाखा |

| | |
|---|---|
| रु. ८८,९५,००५ जम्मा आमदानी | जम्मा खर्च रु. ८७,५९,६८४ |

| खर्च शीर्षक | रकम |
|---|---|
| क्वारेन्टाइन निर्माण | रु. १५,०६,७०९ |
| क्वारेन्टाइनमा प्रयोग हुने सामग्री खरिद | रु. १,००,००० |
| क्वारेन्टाइनमा वस्नेलाई खाना खर्च | रु. १२,१८,४४८ |
| आइसोलेसन निर्माण तथा तयारी | रु. ५,६२,२७२ |
| आइसोलेसन व्यवस्थापन खच | रु. ४,००० |
| आइसोलेसन खाना खर्च | रु. ४१,५३४ |
| औषधी | रु. २,७४,७५६ |
| औषधी जन्य सामग्री खरिद | रु. १०,९७,७८४ |
| स्वास्थ्य उपकरण | रु. ८,९५,९०१ |
| जोखिम भत्ता | रु. ७,७०,५६९ |
| यातायात खच | रु. ४,७४,५३५ |
| अन्य (भान्से, क्वारेन्टी सुरक्षा, राहत, प्रचारप्रसार) | रु. १८,१५,१७६ |

भगवतीमाई गाउँपालिका सुर्खेतले २०७७ असार मसान्त सम्म उसको कोभिड - १९ सम्बन्धी आमदानी र खर्चको विवरण सार्वजनिक गरेको छ । माथिको ग्राफबाट पालिकाले आमदानी गरेको करिब सबै रकम सो आर्थिक वर्ष भित्र खर्च गरेको छ । सामुदायिक संघसंस्था र प्रभु बैंकले पनि सहयोग गर्नु आफैमा सकारात्मक पक्ष हो । खर्च शिर्ष पनि स्पष्ट रुपमा उल्लेख गरिएकोले प्रश्न गर्ने ठाउँ देखिदैन । पालिकाले सबै भन्दा धेरै खर्च क्वारेन्टाइन स्थापना, व्यवस्थापन र सञ्चालनमा गरेको छ । त्यस पछिको धेरै खर्च स्वास्थ्य उपकरण र औषधी खरिदमा भएको देखिन्छ । अन्य शिर्षकमा धेरै खर्च देखिए पनि केमा खर्च भएको हो भनेर स्पष्ट उल्लेख गरिएको छ । तसर्थ, भगवतीमाई गाउँपालिकाले सार्वजनिक गरेको आमदानी तथा खर्चको ढाँचा अन्य पालिकाको लागि नमुना हुनसक्छ ।

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# फ्रन्टलाईनर्स भोईसेस



## निर्मला भट्टराई

उपाध्यक्ष, माथागढी गाउँपालिका, पाल्पा

"सुरुमा कोरोनासँग निकै डर लाग्यो । ३ छोरी १ छोरा र श्रीमान सहित ६ जनाको परिवारलाई सुरक्षित राख्नका लागि व्यक्तिगत स्वास्थ्य सुरक्षालाई बढी ध्यान दिएँ । आफु सचेत हुँदै पालिका भित्रका नागरिकलाई सचेतना अपनाउन आग्रह गरेँ । पालिका भित्र ६० जना संक्रमित भए, ति मध्ये २ जनाको मृत्यु भयो । ८ वटै वडामा क्वारेन्टाइन निर्माण गरियो, तर अहिले क्वारेन्टाइन छैनन् । करिब १ हजार परिवारलाई राहत वितरण गर्ने कार्यमा निरन्तर खटिए । अहिले चिकित्सक सहितको आइसोलेसन सेन्टर तयारी अवस्था राखिएको छ । जोखिमको संभावना यथावत रहेकाले सचेतना अपनाउन बिभिन्न माध्यममार्फत काम गरिरहेका छौं ।"

## सुरेन्द्र श्री

प्रवक्ता, तिलोत्तमा नगरपालिका, रुपन्देही



"नगरपालिकामा अहिलेसम्म १५१७ जनामा संक्रमण पुष्टि भए । ति मध्ये, २८ जनाको मृत्यु भयो । नगरपालिकाभित्र ८६ जना अहिले पनि होम आइसोलेशनमा छन् । उनिहरुलाई हौसला बढाउने, आयुर्वेद औषधीहरु वितरण गर्ने, स्वस्थ्य आहारबिहारका विषयमा सचेनता दिने कार्यमा खटिरहेको छुँ । जनप्रतिनिधि भएकाले प्राप्त जिम्मेवारीलाई सम्पादन गर्दै घरमा रहनु भएका ७२ वर्षिय बुवा, ३ वर्षिय छोरा र श्रीमतीलाई संक्रमणको जोखिम हुन नदिने दायित्व यथावत छ । व्यक्तिगत स्वास्थ्य सुरक्षाका उपाय अपनाउने गरेको छुँ । सुरुवाती अवस्थामा जस्तो त्रास र भय अहिले हटेको भएपनि संक्रमणको संभावना भने उच्च नै छ ।"




## धर्मराज भण्डारी

प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, कपिलबस्तु

"कपिलबस्तुमा ९० किलोमिटर भन्दा बढी खुल्ला सिमाना भएका कारण भारत बाट लुकिछिपि नेपाल प्रवेश गर्नेहरुलाई नियन्त्रण गर्न कठिन छ । मास्क नलगाउने, भौतिक दुरीको ख्याल नगर्ने प्रवृति बढी छ । जिल्लाको दक्षिण भेगमा स्वास्थ्य चेतना कम पाईएकोले सेवाग्राही केन्द्रीत अभियान चलाइरहेका छौ । अरुलाई सचेत बनाउन कृयाशिल हुँदा असोजको पहिलो साता आफै लक्षण सहितको संक्रमित भए । धेरैलाई निको भएकोले आफुलाई पनि निको हुन्छ भन्नेमा ढुक्क थिए । तरपनि, भित्रभित्र डर लागिरहेको थियो । १४ दिनपछि निको भयो ।"

सही सूचना

# मंसिर २३ गते देखी पौष १२ गते सम्म बागमती प्रदेशमा कोभिड - १९ का दैनिक संक्रमितको संख्या




माथिको ग्राफमा मंसिर २३ गते देखी पौष १२ गते सम्म बागमती प्रदेशमा कोभिड - १९ का दैनिक संक्रमितको संख्यालाई देखाईएको छ । यो अवधीमा दैनिक नयाँ संक्रमितको संख्या आधानै घटेको छ । मंसिर २३ गते नयाँ संक्रमितको संख्या ७३१ रहेकामा पौष १२ गते यो संख्या २५४ पुगेको छ । भर्खरैको महिनालाई हेर्ने हो भने, बागमती प्रदेश, त्यसमा पनि विशेष गरेर काठमाण्डौ उपत्यका कोरोना संक्रमणको केन्द्र बिन्दु नै थियो । अहिले सरकारको न्युन बन्देजसँगै जनजीवन सामान्य अवस्थामा फर्किएको छ । यसले कोभिड - १९ को संक्रमण सर्ने दर घटेको छ भन्ने सुभ संकेत दिन्छ । यद्यपी, सरकारले यो तथ्यांकको आधिकारिकता पुष्टि गर्न जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219